नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
(स्थानीय प्रशासन शाखा)
धनगढी,कैलाली
☎ ०९१-५२११०१ 🖷 ०९१-५२२४४६
daokailali@moha.gov.np
daokailali.moha.gov.np
facebook.com/daokailali/
PH3R+63 Dhangadhi

प.सं. ०७९।८०
च.नं.

मिति:- २०७९।०८।०१

**विषयः- निर्वाचनको दिन सवारी आवागमन व्यवस्थापन सम्बन्धी सूचना ।**

उपरोक्त विषयमा यही मिति २०७९।०८।०४ गते आइतबारका दिन हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको मतदानको दिन सवारी साधन चलाउने सम्बन्धमा निर्वाचन आयोगबाट स्वीकृत प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको मतदानको दिन सवारी आवगमन व्यस्थापन सम्बन्धी मापदण्ड, २०७९ मा व्यवस्था भए अनुसार देहाय बमोजिम सवारी साधनको व्यवस्थापन गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

**१. सञ्चालनका लागि अनुमति आवश्यक नपर्ने**

क. विरामी वोकेको एम्वुलेन्स, शव वाहन, दमकल, दूरसञ्चार तथा दुरसञ्चार तथा केबल सेवाका लागि प्रयोग हुने सवारी साधन, खानेपानीको ट्याङ्कर, दमकल, विद्युत सेवाका लागि प्रयोग हुने सवारी साधन, अस्पतालमा कार्यरत परिचय-पत्र प्राप्त चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीको आवागमनका लागि प्रयोग हुने सवारी साधन, सुरक्षाकर्मीले प्रयोग गर्ने सुरक्षा निकायको सवारी साधन, निर्वाचन आयोगबाट जारी परिचय-पत्र वाहक पर्यवेक्षक, अवलोकनकर्ता, अनुगमनकर्ताले प्रयोग गर्ने सवारी साधन, कूटनीतिक नियोग, यू.एन. एजेन्सी र द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार संस्थाहरुमा कार्यरत पदाधिकारी एवम् कर्मचारीले प्रयोग गर्ने निलो नम्बर प्लेट भएको सवारी साधन, विदेशी पर्यटक मात्र बोकेको हरियो नम्बर प्लेट भएको सवारी साधन,

ख. तरकारी, फलफूल तथा विद्युत सेवाका लागि प्रयोग हुने सवारी साधन, दुध बोक्ने सवारी साधन,

ग. सूचना तथा प्रसारण विभाग वा प्रदेश सञ्चार रजिष्ट्रारको कार्यालय वा प्रदेश सरकार मातहतको सञ्चार प्राधिकरण वा अन्य त्यस्तै प्रकृतिको नियामक निकायबाट जारी गरिएको प्रेस पास वाहकले प्रयोग गरेका हलुका सवारी साधनहरु,

घ. प्रचलित कानूनबमोजिम दर्ता र प्रेस काउन्सिल नेपालमा सूचीकृत भई सञ्चालनमा रहेका सम्बन्धित सञ्चार गृहबाट जारी परिचय-पत्र बाहक सञ्चारकर्मीले प्रयोग गर्ने हलुका सवारी साधनहरु (पत्रकार महासंघ कैलालीले जिल्ला प्रशासन कार्यालय कैलालीलाई उपलब्ध गराएको सूचिमा समावेश भएका संचारकर्मी)

ङ. मतदान केन्द्रमा खटिएको नियुक्ति पत्र र निर्वाचन/मतदान अधिकृतबाट जारी परिचय-पत्र वोकेका मतदान कार्यमा खटिने कर्मचारी तथा स्वयंसेवकले प्रयोग गर्ने सवारी साधन । (आफू खटिएको मतदान केन्द्रसम्म जाने र मतदान केन्द्रबाट फर्किने लागि मात्र)

**क्रमशः**

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
(स्थानीय प्रशासन शाखा)
धनगढी,कैलाली
☎ ०९१-५२११०१ 🖷 ०९१-५२२४४६
daokailali@moha.gov.np
daokailali.moha.gov.np
facebook.com/daokailali/
PH3R+63 Dhangadhi

प.सं. ०७९।८०
च.नं.

मितिः- २०७९।०८।०१

२. सञ्चालनका लागि अनुमति आवश्यक पर्ने

| सि.नं. | प्रयोगकर्ता | सिफारिश गर्ने निकाय | संख्या | अनुमिति जारी गर्ने निकाय वा अधिकारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | उम्मेदवार | | २/३/४ पाङ्ग्रे हलुका सवारी साधन १ | मुख्य/निर्वाचन अधिकृत | एक उम्मेदवार एक हलुका सवारी साधन |
| २ | उम्मेदवारको एक निर्वाचन प्रतिनिधि | | २/३/४ पाङ्ग्रे हलुका सवारी साधन १ | मुख्य/निर्वाचन अधिकृत | प्रति उम्मेदवार १ |
| ३ | (क) वा (ख) वर्गको परिचत्र पत्र भएका असक्त व्यक्ति | सम्वन्धित वडा कार्यालय | १ | निर्वाचन अधिकृत | अन्य व्यक्ति |
| ४ | मानवीय उद्धार तथा सहायता एवं आपतकालीन अवस्थामा प्रयोग गरिने सवारी साधन | | आवश्यकता अनुसार | प्रमुख जिल्ला अधिकारी | |
| ५ | निर्वाचन आयोग बाहेकका संवैधानिक निकायहरु | सम्वन्धित संवैधानिक निकायहरु | आवश्यकता अनुसार | प्रमुख जिल्ला अधिकारी | |
| ६ | संवैधानिक निकायका प्रादेशिक सम्बन्धित एवं जिल्लास्थित कार्यालयहरू | सम्वन्धित संवैधानिक निकायका कार्यालय | आवश्यकता अनुसार | प्रमुख जिल्ला अधिकारी | |
| ७ | निर्वाचन कार्यालय | निर्वाचन अधिकारी | आवश्यकता अनुसार | प्रमुख जिल्ला अधिकारी | |
| ८ | विमानस्थल आउने/जाने यात्रुले प्रयोग गर्ने साधन | | आवश्यकता अनुसार | प्रमुख जिल्ला अधिकारी | टिकट अनिवार्य पेश गर्नु पर्ने |

मितिः- २०७९।०८।०१

शिवराज जोशी
प्रशासकीय अधिकृत